# नगर प्रमुखको तर्फबाट नगर उपप्रमुख श्री प्रेमशंकर मर्दनिया थारुले नवौं नगरसभामा प्रस्तुत गर्नु भएको बार्षिक नीति तथा कार्यक्रम

## २०७८/७९

**कावासोति नगरपालिका**

**२०७८ साल असार १० गते बिहिवार**

**नगरसभाका सदस्यज्यूहरु ।**

विश्व महामारीको रुपमा फैलिरहेको कोभिड १९ को दोस्रो लहरको संक्रमणबाट मानवजाति माथि नै अकल्पनिय संकत आईपरेको छ । यस महामारीले ग्रसित बनाएको स्वास्थ्य अवस्था, अस्तव्यस्त बन्न पुगेको उत्पादन, वितरण र सेवा तथा अलमिएका विकास निर्माणका कार्यहरु, शिक्षा लगायतका सामाजिक सेवाहरुमा देखिएका चुनौतिहरु सामना गर्न जुटिरहेको अवस्थामा कावासोती नगरपालिकाको आर्थिक बर्ष २०७८/७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

मानव इतिहासकै सबैभन्दा ठूलो जैविक संकट पैदा भई ठूलो संख्यामा मानिसहरू संक्रमित तथा मृत्यु भएको अवस्थामा संसारकै ध्यान केन्द्रित भएको छ । यस अवस्थामा कोरोना भाइरसका कारण दिवंगत हुने प्रति भावपूर्ण श्रद्धाञ्जली तथाशोकाकुल परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दै उपचाररत सम्पूर्ण दिदी बहिनी एवं दाजुभाइहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोरोना भाइरसले मुलुकको अर्थ व्यवस्थामा गम्भीर धक्का पुगेको छ । उत्पादन, वितरण प्रणाली तथा निर्माण कार्य समेत बन्द प्राय छ । जसले हाम्रो लक्ष्य प्राप्तिमा ठूलो व्यवधान खडा गरेको छ । यस जोखिमपूर्ण परिस्थितिलाई सम्हाल्न अग्रपङ्तिमा रहेर काम गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, नर्स, सुरक्षाकर्मी, नगर प्रहरी, सर-सफाइकर्मी, जनप्रतिनिधि,कर्मचारी, एम्बुलेन्स चालक, अटो रिक्सा चालक शववाहन चालक एवं विपद् व्यवस्थापन समितिका पदाधिकारी लगायत सबैको सक्रियताको उच्च प्रशंसा गर्दछु । अत्यावश्यक वस्तुको आपूर्तिमा योगदान पुऱ्याउनु हुने व्यक्ति तथा संघ संस्थाहरूलाई पनि हार्दिक आभार व्यक्त गर्दछु ।

नेपाली जनताको संघर्ष र लोकतान्त्रिक आन्दोलनका माध्यमबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्न बलिदानी गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति श्रद्धा सुमन अर्पण गर्न चाहन्छु । नेपाली सभ्यता, नेपाली समाज र नेपाल राष्ट्रलाई यहाँसम्म ल्याई पुर्याउने सम्पूर्ण नेपालीहरू प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

नगरप्रमुख श्री चन्द्र कुमारी पुन ज्यूको स्वास्थ्य अवस्थामा समस्या आएकोले शल्यकृया सम्पन्न भई  थप उपचाररत हुनुहुन्छ। उहाँको शिघ्र स्वस्थ्य लाभको कामना गर्दछु।

नेपालको संविधानको मूल मर्म तथा नेपाली जनताको भावना अनुरूप संघीयता कार्यान्वयनको शिलसिलामा कावासोती नगरपालिकाले आफूलाई बलियो स्थानीय तहको रूपमा स्थापित गर्ने दिशामा द्रुत गतिमा अघि बढिरहेको छ। यस कार्यमा सकारात्मक सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी प्रति आभार व्यक्त गर्दै आगामी दिनहरूमा गहिरो साथ र सहयोगको अपेक्षा राख्दछु।

लोकतन्त्र भनेको विधिको शासन हो। लोकतन्त्रलाई मजबुत बनाउन स्थानीय सरकार बलियो हुनुपर्नेमा दुई मत छैन । जनताले नजिकबाट देख्न, सुन्न र अनुभूति गर्न सक्ने स्थानीय सरकारका सेवा प्रवाहलाई संस्थागत गर्ने, विधिको शासन स्थापित गर्ने, नागरिकले पाउने सेवा तथा विकास व्यवस्थापनलाई सरल, सहज, प्रभावकारी र प्रविधि मैत्री बनाउने कार्य गर्दै कावासोती नगरपालिकालाई बलियो स्थानीय सरकारका रूपमा उभ्याउन हामीले सघन प्रयास गरेका छौं।

सीमित स्रोत साधनको अधिकतम परिचालन गरी नगरपालिकाको सर्बाङ्गिण विकास गर्न स्पष्ट दृष्टिकोण, गन्तव्य र लक्ष्य सहित कावासोती नगरपालिका तीब्र रूपमा अगाडि बढीरहेको अवस्थामा कोभिड-१९ महामारीको दोश्रो लहरको संक्रमणको सामना गर्नुपर्दा नगरपालिकाको सेवा प्रवाह, विकास निर्माण लगायतका समग्र गतिविधीहरू प्रभावित भएका छन्। यस विषम परिस्थितिमा हामीले हाँसिल गरेका केही महत्वपूर्ण उपलब्धिहरूलाई यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

## आर्थिक क्षेत्र

१. व्यवसायिक कृषि र पशुपालन क्षेत्रको उत्पादकतत्व बढाउनका लागि उन्नत नश्लको कृत्रिम गर्भाधान सेवा, निशुल्क माटे तथा नाम्ले जुकाका औषधी वितरण, उन्नत तरकारीहरुको बिउविजन वितरण, गोबर परिक्षण सेवा, दूध परिक्षण सेवा, साना पशुको बन्धाकरण सेवा र प्रतिफलका आधारमा दुग्ध उत्पादक कृषकहरुलाई अनुदानकार्यक्रम संचालन गरिएका छन् ।

२. राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत कावासोती नगरपालिका वडा नं. ४ मा धान पकेट, ७ मा मकै पकेट, १४ नं. वडामा धान पकेट, वडा नं. ६ मा आलु पकेट र ९ नं वडामा मौरी पकेट कार्यक्रम संचालन र प्रवद्धनका लागि उन्नत बिउविजन र औजारहरु वितरण गरिएको छ ।

३. बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत वडा नं १७ मा बाख्राको पकेट स्थापना गरि उन्नत नश्ल बोयरका ८ वटा बोका, २० वटा बाख्राको खोर र १८ वटा च्यापकटर वितरण गरिएको छ । प्रधानमन्त्री कृषी आधुनिकिकरण कार्यक्रम अन्तर्गत तरकारीको जोन कार्यक्रम संचालन भएका छन् ।

४. जटायु रेष्टुरेन्ट व्यवस्थापन समितिको सहकार्यमा करिब २०० वटा सामुदायिक कुकुरलाई बन्ध्याकरण गरिएको छ ।

५. धानको उत्पादन वृद्धि र कृषकहरुलाई टेवाका लागि १७ वटै वडा कार्यालय मार्फत ८२ हजार ५५१ के.जी. उन्नत धानको विउ वितरण गरिएको छ ।

६. व्यवसायिक कृषकहरुको कृषि र पशुजन्य उत्पादन वृद्धि गर्नका लागि ३० वटा च्यापकटर, ४ वटा धान काट्ने मेसिन, ५ वटा मिनि टिलर र ३ वटा एरियटर वितरण गरिएको छ।

७. पर्यटनका क्षेत्रलाई लक्षित गरी वडा नं. १को बालुवाडाडाँबाट प्याराग्लाइडिङ्गको ५ दिन सम्म सफल उडान परीक्षण सम्पन्न गरिएको छ।

८. स्थानीय जङ्गल सँग जोडीएका गरिब, विपन्न, सिमान्तकृत र मानव वन्यजन्तु द्धन्द्ध पिडित समुदायको मानिसहरुको जैविक विविधता संरक्षण र पर्यापर्यटन मार्फत दिगो जिविकोपार्जनमा टेवा पुर्याउनका लागि नगर क्षेत्र भित्र होमस्टेहरु सञ्चालन गरिएको, वन्यजन्तु वासस्थान, जंगल सफारीका लागि फायर लाइन निर्माण लगायत पर्यटकिय पूर्वाधारहरु निर्माण समेत गरिएको छ।

९. कावासोती नगरपालिका नगर प्रमुखको सिफारिसमा अमलटारी मध्यवर्ती सामुदायिक होमस्टेलाई " **WWF NEPAL CONSERVATION AWARD 2021"** बाट नगद रु. १,००,००० ।- बाट पुरस्कृत गरिएको छ।

१०. दूध तथा दुग्ध जन्य उत्पादन वृद्धि गर्न तथा नगरपालिकालाई दूधमा आत्मनिर्भर गराउन सहकारी मार्फत दूध उत्पादक कृषकहरूलाई दोस्रो चौमासिक सम्ममा उत्पादित दूध १४ लाख ३६ हजार लिटरलाईप्रति लिटर रु १.२५ नगद अनुदान प्रदान गरिएको छ।

## सामाजिक विकास

११. शिक्षणमा आधारभूत सीप विकास तालिम सामुदायिक विद्यालयमा कार्यरत २१५ जना शिक्षक, ४० जना प्रधानाध्यापकलाई नेतृत्व विकास तालिम, २०० जना शिक्षकलाई अन-लाइन टिचिङ क्षमता विकास तालिम र सामुदायिक विद्यालयमा कार्यरत १०० जना अंग्रेजी विषय शिक्षकका लागि एक महिने पेशागत क्षमता विकास तालिम सम्पन्न गरिएको छ।

१२. "इन्टरनेशनल स्कुल अवार्ड" कार्यक्रम ४० वटै सामुदायिक विद्यालयमा सञ्चालनमा रहेको छ।

१३. खेल क्षेत्रको विकासका क्रममा माध्यमिक विद्यालयहरूको सहभागितामा नगर स्तरीय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता, नगर प्रमुख फुटबल प्रतियोगिता लगायतका खेलकुद प्रतियोगिताहरु सम्पन्न भएको छ।

१४. संस्थागत र सामुदायिक विद्यालयहरुको शैक्षिक, व्यवस्थापकीय र भौतिक पक्षका आधारमा वर्गिकरण गर्न आवश्यक पर्ने टुलहरुको तयारी अन्तिम अवस्थामा पुगेको छ। आगामी आ.व.मा विद्यालयहरु वर्गिकरण हुनेछन् । स्थानीय पाठ्यक्रम निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

१५. बालबालिकाहरूको सिर्जनशिलतालाई प्रोत्साहित गर्न "नगरका कोपिला" नामक साहित्यिक पत्रिका को प्रकाशनलाई निरन्तरता दिईएको छ।

१६. वालमैत्री नगरपालिका निर्माणको लागि सबै सूचकको अवस्था पहिचान गरी सुधार गर्नुपर्ने पक्षमा प्राथमिकता निर्धारण गरेर अघि बढ्न वाल मैत्री अवस्था पहिचान, घरधुरी सर्वेक्षण कार्यको तथ्याङ्क विश्लेषण र प्रतिवेदन तयारी हुँदैछ।

१७. यस आ.व.को जेठ मसान्तसम्म स्वास्थ्य संस्थाबाट ६०४४५ जनाले ओपिडी सेवा,पूर्व प्रसुती, उत्तर प्रसुती, परिवार नियोजन लगायतको सेवा लिएका छन् भने किशोरिलाई पोषण स्वास्थ्य र महिनावारी सरसफाई जीवनपयोगी सिप सम्बन्धि तालीम, आमा स्वास्थ्य कार्यक्रम, महिला सामुदायीक स्वास्थ्य स्वयंसेविका अध्यन अबलोकन भ्रमण, स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यान्वयन अभिमुखिकरण, सिकलसेल एनेमिया सम्बन्धि जनचेतना कार्यक्रमहरु संचालन गरिएको छ।

१८. बालबालिकाहरुको पोषण अबस्थाको बिष्लेषण कार्यक्रम गरि पत्ता लागेका मध्यम शिघ्र कुपोषण भएका २९८ जना र अतिशिघ्र कुपोषण भएका ३९ जना बालबालिकालाई पोषण परामर्श सहित उपचार ब्यबस्थापन गरिएको छ।

१९. जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम लाई "स्वस्थ नागरिक सम्बृद्ध कावासोती" कार्यक्रमसंग जोडेर आवश्यक जनशक्तिको व्यवस्था गरि जेष्ठ नागरिकलाई घरैमा स्वास्थ्य परिक्षण गर्ने र आवश्यक मनोसामाजिक परामर्श दिने काम गरिएको छ। जस मध्ये मधुमेह भएका ११५ जना र उच्च रक्तचाप भएका ४१६ जना गरि जम्मा १५६८ जना जेस्ठ नागरिकहरुलाई घरभेट गरि आबस्यक परामर्श तथा स्वास्थ्य सेवा प्रदान गरिएको छ।

२०. स्वास्थ्य संस्थाहरुमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि अत्याबस्यक औषधि तथा मेडिकल उपकरणहरुको ब्यबस्था गरिएको छ। मातृ स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत ९१५ जनालाइ गर्भवती सेवा र २५७ जनालाई प्रसुती सेवा प्रदान गरिएको छ।

२१. मृगौला रोगको उपचार तथा सर्पदंशको उपचार ब्यबस्थापन गर्न संघतथा प्रदेश सरकार संग समन्वय गरि उपचार सेवाको व्यवस्था मिलाईएको छ।

२२. गरिब तथा बिपन्न नागरिकहरुलाई विभिन्न ८ प्रकारका जटिल रोगहरुको उपचार सहुलियत को लागि गर्ने ब्यबस्था गरिएको छ। यस बर्ष हालसम्म ६२ जनालाई उपचार सहुलियतको लागि सिफारिस गरिएको छ।

२३. स्वास्थ्य संस्था नभएका वडाहरुमा नेपाल सरकारको निती अनुरुप सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरि सेवा संचालन गरिएको छ ।साथै सबै वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्रको भबन निर्माण कार्य भैरहेको छ ।

२४. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको नीति अवलम्बन गर्दै समता मूलक समाज निर्माण गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र अपाङ्गता मूलक व्यक्तिहरुका लागि विभिन्न कार्यक्रम संचालन गरिएको छ । महिलाहरुको व्यक्तित्व विकासको प्रारम्भिक प्रशिक्षण अन्तर्गत समुह सदस्यका लागि अनुशिक्षण कार्यक्रम र समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान संचालन भएको छ । जसमा एक हजार पाँच सय भन्दा बढी महिला तथा लक्षित वर्ग प्रत्यक्ष लाभान्वित भएका छन् ।

२५. हालसम्म जम्मा ७६० जना अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग परिचयपत्र वितरण गरिएको छ ।

२६. सामाजिक सुरक्षा भत्ता बैंक खातामार्फत भुक्तानी हुने व्यवस्था मिलाइएको छ । सामाजिक सुरक्षा तर्फ यस आर्थिक वर्षमा विभिन्न शीर्षकमा गरी जम्मा ६ हजार तिन सय ८० जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । सामाजिक सुरक्षामा हाल सम्म १७ करोड ६६ लाख खर्च भएको छ ।

२७. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरू लाई निःशुल्क स्यानिटरी प्याड वितरण गर्ने कार्य सुरु भएको छ ।

२८. नेपाल सरकारको ससर्त अनुदानबाट सञ्चालित सुरक्षित आप्रवासन परियोजना (सामी) मार्फत ९ हजार ३ सय भन्दाबढी व्यक्तिहरूलाई वैदेशिक रोजगारी सम्बन्धमा अभिमुखिकरण, १२० जनालाई परामर्श सेवा, ३७५ जनालाई वित्तीय साक्षरता र १२५

जना वैदेशिक रोजगारको क्रममा समस्यामा परेकालाई सहजिकरण गरिएको छ। जसबाट ३ करोड ५५ लाख ५४ हजार क्षतिपूर्ति भराउन सहयोग मिलेको छ।

## पूर्वाधार विकास

२९. विकास आयोजना सञ्चालन तथा कार्यान्वयनको सम्बन्धमा प्रदेश तथा संघीय सरकारसँग समन्वय र सहकारिता अवलम्बन गरिएको छ।

३०. पूर्वाधार विकास तर्फ करिब १० दशमलव ५ किलो मिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। १९ किलोमिटर सडक ग्राभेल गरिएको छ। साथै नगरको विभिन्न स्थानमा गरी ६ किलोमिटर सडक मर्मतको कार्य सम्पन्न गरिएको छ।

३१. नगर क्षेत्रका सवै वडाहरुमा स्वास्थ्य सेवा प्रदान गर्नका लागि १२ वटा वडामा आधारभूत स्वास्थ्य केन्द्र ठेक्का प्रक्रियामा गएको छ। १० वटा अन्तिम चरणमा रहेको छ। वडा नं. ३ र ६ मा दुई वडा कवर्ड हल र वडा नं. १७ को मध्यवर्ति क्याम्पसको २ कोठे पक्की भवन अन्तिम चरणमा रहेको छ।

३२. राष्ट्रपती शैक्षिक सुधार कार्यक्रमबाट २ कोठे भवनको निर्माणको कार्य सुरुवात गरिएको छ।

३३. भ्यू टावरको संरचना निर्माण कार्य सम्पन्न भएको छ। वडा नं. १०,११ र १५ मा तिन वटा मचान निर्माण गरिएको छ। चितवन राष्ट्रिय निकुञ्ज, नमूना सामुदायिक वन र जटायु रेष्टुरेन्टको समन्वयमा  छाडा चौपाया को व्यवस्थापको लागि  चारै तिर मेसजाली लगाई कम्पाउण्डीङको  व्यवस्था गरिएको छ। साथै वडा नं. ६ मा रंगशाला निर्माणको कार्य भईरहेको छ।

३४. यस आर्थिक वर्षमा नगरपालिकामा १० किलोमिटर पक्की नाला निर्माण सम्पन्न भएको छ । नगरका विभिन्न स्थानमा २५० वटा सडक बत्ति जडान गरिएको र विभिन्न स्थानमा विधुतिकरणको कार्य सम्पन्न भएको छ । साथै नगर भित्रका साना बाटोहरु २१०० वर्ग किलोमिटरमा मोजाइक टायल निर्माण गर्ने कार्य भएको छ ।

३५. नगर गौरव योजनाको रूपमा रहेको चक्रपथ निर्माणलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । सोही बमोजिम १, ३, ५, १०,११, १२, १५ र १७ नं. वडामा ४ किलो मिटर बाटो कालो पत्रे गर्नको लागि ठेक्का सम्झौता भई काम अन्तिम चरणमा पुगेको छ ।

३६. नगरपालिकाको बहुउद्देश्यीय भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ । वडा नं ९ र १५ मा वडा कार्यालय निर्माण कार्य सम्पन्न भई वडाको कामकाज नयाँ भवनबाट नै सुचारु गरिएको छ । वडा नं. ४, ५, ७ र ८ को कार्यालय भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ । साथै वडा नं. १, ३, ११ को कार्यालय भवन निर्माणको चरणमा रहेको र वडा नं १६ को वडा कार्यालयको शिलान्यास सम्पन्न गरिएको छ । बाँकी वडा कार्यालयको भवन निर्माण गर्न जमिनको व्यवस्था मिलाइ प्रकृया अगाडी बढाइनेछ ।

३७. विश्व सम्पदा सूचिमा सुचिकृत चितवन राष्ट्रिय निकुञ्जको काखमा रहेको मध्यवर्ती सामुदायिक वन क्षेत्र सँग जोडिएको विभिन्न स्थानहरुमा मानव र वन्यजन्तु बिचको असमझदारी न्यूनीकरण गर्न, धन जन लगायत कृषि बालीनालीको क्षती न्यूनीकरण गरि मानव र बन्यजन्तु बिच सह-अस्तित्व कायम गर्नका लागि पि.सि.सि. वाल सहित मेसजालीको निर्माण कार्यबाट महत्वपूर्ण योगदान पुगेको छ । जैविक विविधता वन वन्यजन्तुको संरक्षण सँग सँगै पर्यापर्यटकिय गतिविधि लगायत मानव र वन्यजन्तु बिचको समझदारी कायम गर्न नगरपालिकाले सुरुदेखि नै प्राथमिकताका साथ कार्य गरिरहेको छ । जसअनुसार यस आर्थिक वर्षमा नगरपालिकाको वडा नं ७, १०, ११ , १२, १३, १५ र १७ मा मेसजाली सहितको आर.सि.सि. पर्खाल निर्माण कार्य ८ हजार ३ सय मिटर मध्ये करिब ४ किलोमिटर निर्माण सम्पन्न भएको छ । बाँकी कार्य निर्माणाधिन अवस्थामा रहेको छ ।

३८. विपन्न समुदाय आवासका लागि हाल सम्म ८६ वटा घरहरूको निर्माण कार्य सम्पन्न भएको छ। यस आ.व. मा जम्मा १७ वटा घरको निर्माण कार्य भैरहेको छ।

३९. यस आर्थिक वर्षको जेठ मसान्तसम्म भवन निर्माण तर्फ नक्सा पासका लागि ३६४ निवेदन दर्ता भएका छन्। जसमध्ये प्रथम चरणको इजाजत लिएका २५४, सुपर स्ट्रक्चर इजाजत लिएका १९७ छन् भने ५६ जनाले निर्माण सम्पन्न लिएका छन्।

४०. पर्यटन प्रवर्धनका लागि वडा नं. ७ को टरुवा तालको संरक्षण तथा सम्वर्धनको कार्यका लागि ठेक्का गई निर्माण कार्य प्रक्रियामा रहेको छ। वन्यजन्तुको चोरि सिकारी नियन्त्रण गरि शुन्य चोरि शिकारी बर्ष कायम गर्नका लागि स्थानिय यूवाहरुलाइ CBAPU मार्फत दिन रात परिचालन गरि जिरो पोचिङ्ग अभियान सञ्चालन गरिएको छ।

४१. शहरी विकास मन्त्रालय र कावासोती नगरपालिकाको सहकार्यमा शहरी शासकीय तथा पूर्वाधार विकास आयोजना अन्तर्गत हाल १९ वटा विकास निर्माणका कार्यहरु सञ्चालन गरिएको छ। जसमा नगर क्षेत्र भित्रका ६० जना दक्ष र ४७४ जना अर्धदक्ष कामदारहरु विभिन्न विकास निर्माणका कार्यमा सहभागि भएका छन्।

४२. विकास योजना सञ्चालनका लागि ठेक्का बन्दोबस्त कार्यमा नगरपालिकामा विधुतीय खरिद प्रणालीलाई अधिकतम रूपमा अवलम्बन गरिएको छ। यसबाट ठेक्का प्रक्रिया थप प्रतिस्पर्धात्मक र पारदर्शी हुनुका साथै विकास लागत समेत न्यूनीकरण भएको छ।

४३. भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्याङ्क संकलनको कार्य सम्पन्न भएको छ। ७ हजार घरपरिवारको विवरण संकलन भएबमोजिम जग्गा नाप नक्साको कार्य भैरहेको छ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

४४. सेवा प्रवाहमा शीघ्रता तथा प्रभावकारिता ल्याउन अधिकतम रूपमा विधुतिय प्रविधि तथा सूचना प्रविधिको प्रयोग गरिएको छ।

४५. कर तथा राजस्व प्रशासनलाई प्रभावकारी तथा आधुनिक बनाउन राजस्व संकलन तथा व्यवस्थापनमा विधुतिय पद्धतिलाई सबै वडामा कार्यान्वयन गरिएको छ।

४६. नगरवासीहरूलाई नगरपालिकाको काम कारबाहीका सम्बन्धमा सूचना प्रवाहको सहज पहुँचको लागि नगरपालिकाको वेबसाइट तथा फेसबुक पेज नियमित अद्यावधिक गरिएको छ।

४७. नगर क्षेत्र भित्रका गैरकानुनी गतिविधिहरूको नियमन तथा नियन्त्रण गर्न नगर प्रहरी परिचालन गरिएको छ।

४८. यस वर्ष विभिन्न नीतिगत तथा कानुनी दस्तावेजहरू निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ।

४९. नगरपापालिका तथा सबै विषयगत शाखाहरु र वडा कार्यालयहरु एवं स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरीको व्यवस्था गरिएको छ । नगरपालिकाद्वारा सञ्चालित कार्यक्रमहरू तथा जनसरोकारका सूचनाका बारेमा स्थानीय सञ्चार माध्यमबाट निरन्तर प्रसारण हुने व्यवस्था मिलाइएको छ।

५०. महालेखा परीक्षक कार्यालयको अन्तिम लेखा परीक्षणबाट प्राप्त प्रतिवेदनमा औँल्याईएका सुझावहरूलाई कार्यान्वयनमा ल्याइएको छ । बेरुजू फछर्यौटका लागि प्रमाण जुटाउने तथा नियमित गर्ने कार्य गरी सम्परीक्षणको लागि पठाइएको तथा आर्थिक पारदर्शिता र सुशासनलाई प्रभावकारी बनाइएको छ। लेखा प्रणालीलाई थप व्यवस्थित र

सरलीकृत गर्दै आगामी दिनमा समग्र आर्थिक प्रणालीलाई नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको दिशामा लैजान जोड दिइनेछ।

५१. न्यायिक समितिमार्फत मेलमिलापको कार्यमा प्रभावकारिता बढ्दै गएको छ । मेलमिलापकर्ता र न्यायिक समितिको क्षमता अभिवृद्धि भई इजलासको कार्य सम्पादन प्रभावकारी हुँदै गएको छ। यस वर्ष जेष्ठ सम्मको तथ्याङ्कलाई आधार लिदाँ १६८ उजुरी दर्ता हुन आएकोमा १०५ वटा मेलमिलाप भइसकेको र ६३ वटा प्रक्रियामा रहेका छन्।

५२. न्यायिक समितिको कार्य सम्पादनलाई चुस्त दुरुस्त बनाउन समितिमा प्राप्त उजुरी तथा न्यायिक समितिबाट भएका काम कारबाही सम्बन्धमा विधुतिय प्रणालीबाट सूचना प्रवाह गरिएको छ।

## बन बातावरण र विपद् व्यवस्थापन

५३. कोभिड १९ रोकथाम तथा नियन्त्रण एवम कोभिड १९ संक्रमितलाई स्वास्थ्य परामर्शका लागि २० जना स्वास्थ्यकर्मीको टिम निरन्तर परिचालन गरी संक्रमित व्यक्तीहरुलाई स्वास्थ्य परामर्श घरदैलो कार्यक्रम सञ्चालन गरिएको छ।

५४. होम आइसोलेसनमा बसेका कोभिड १९ संक्रमित बिरामीहरुलाई कावासोती नगरपालिकाको तर्फबाट साबुन, स्यानिटाइजर, मास्क, लेभो सिट्रिजीन, सिटामोल, जिंक र जिवनजल सहितको स्वास्थ्य किट संक्रमितको घर घरमा गएर स्थानिय जनप्रतिनिधि र स्वास्थ्यकर्मीबाट बितरण गरिएको छ।

५५. कोभिड १९ रोकथाम तथा नियन्त्रण लगायत महिला हिंसा, घरेलु हिंसा लगायत न्याय तथा सुरक्षा सम्बन्धि जनचेतनामुलक जिङ्गल मधेश मानव अधिकार गृह, जिल्ला प्रहरी कार्यालय सँग समन्वय तथा सहकार्यमा रेडियो सञ्चार माध्यमबाट रोकथामका उपायहरू बारे सन्देश प्रसारण गरिएको छ।

५६. नँया भेरियन्ट सहितको कोभिड १९ महामारीको बिसम परिस्थितिमा नगरबासीहरुलाई स्वास्थ्य समस्या भएको खण्डमा स्वास्थ्य उपचारका लागि निशुल्क रुपमा १ वटा एम्बुलेन्स र ३ वटा अटो रिक्सा बिरामी ओसारपसार गर्नका लागि सञ्चालन गरिएको छ । जसबाट २००० व्यक्तीले प्रत्यक्ष सेवा लिइएका छन् ।

**नगरसभा सदस्य ज्यूहरु,**

विश्वव्यापी महामारीका रूपमा देखिएको कोभिड १९ का कारण समग्र सामाजिक आर्थिक पक्षमा परेको प्रतिकूलता, नगरबासीहरु संगका हाम्रा प्रतिबद्धताहरु र उपलब्ध सिमित स्रोत साधन समेतलाई मध्यनजर गर्दै देहायका रणनीतिक आधार र पक्षहरूलाई ध्यानमा राखी **आ.व. ०७८/०७९ को लागि नीति तथा कार्यक्रम** प्रस्तुत गर्दछु ।

(क) समग्र अर्थतन्त्रमा देखिएको वित्तीय जोखिम व्यवस्थापन गर्न अर्थतन्त्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गरी सुदृढ बनाउने ।

(ख) आर्थिक गतिविधि कृषि, पशु विकास तथा औद्योगिक उत्पादन रोजगारमा आधारित विकास निर्माण र सामाजिक जनजीवनमा थप क्षति हुन नदिई क्रियाकलाप तय गर्ने ।

(ग) नगरपालिकाको समग्र र सन्तुलित विकासका लागि नगरपालिकाले सुरु गरेका रुपान्तरणकारी क्षेत्रगत नगर गौरव स्तरका कार्यक्रम र आयोजनाहरू तोकिएको समय, गुणस्तर र लागतमा सम्पन्न गर्ने ।

(घ) स्वास्थ्य, शिक्षा, लैङ्गिक सशक्तिकरण एंव अन्य सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गुणस्तरीय सेवा प्रवाह गरी स्वस्थ, शिक्षित, न्यायपूर्ण र गतिशील सामाजिक जीवनको स्थापना गर्ने ।

(ङ) कार्यक्रम तथा आयोजनाहरूको पुन:प्राथमिकिकरण गर्ने, फजुल खर्च रोक्ने, वित्तीय अनुशासन कायम गर्दै उत्पादनशील र रोजगार मूलक क्षेत्रमा लगानी केन्द्रित गर्ने ।

(च) अर्थतन्त्रमा आएको मन्दीका कारण अन्तर्राष्ट्रिय श्रम बजारमा सङ्कुचनका कारण रोजगारीका अवसरहरू गुम्ने जोखिमलाई सम्बोधन गर्न नगरक्षेत्रमै रोजगारी सिर्जना, आत्मनिर्भर अर्थतन्त्रको विकास र स्थानीय क्षमता वृद्धिको अवसरमा रूपान्तरित गर्ने ।

(छ) सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाई चुस्त, छरितो र जनमुखी तथा नतिजा मुलक बनाउँदै सुशासनको प्रत्याभूति दिने ।

## आर्थिक विकास

कावासोती नगरको आर्थिक विकासको प्रमुख आयाम कृषि, पर्यटन, उद्योग, व्यवसाय र प्राकृतिक श्रोत साधन हुन् भन्ने तथ्यलाई आत्मसाथ गर्दै, यी क्षेत्रलाई चलायमान तथा विकास गर्न स्थानीय आवश्यकता र सक्षमताका आधारमा प्राथमिकता सहित अघि बढिएको छ :

१. कृषि तथा पशुपालन सम्बन्धी निति बनाई कृषकको सुचिकरण र वर्गिकरण गरि कृषि र पशुपालन क्षेत्रको नियमगन, गुणस्तरीय कृषि र पशुजन्य उत्पादन गर्न जोड दिईने छ ।

२. गुणस्तरीय वस्तु तथा सेवाको सहज प्राप्ति गर्ने जनताको मौलिक हकलाई स्थापित गर्न बजार अनुगमन कार्यलाई थप सघनता प्रदान गरिनेछ । यस कार्यलाई नियमित, आकस्मिक रूपमा सञ्चालन गर्ने र अनुगमनमा संयुक्त बजार अनुगमन प्रणाली विस्तार गरिनेछ । उपभोक्ता हित संरक्षणमा सहयोग पुर्याउनेलाई प्रशंसित गर्ने, गल्ती गर्नेलाई दण्डित गरिनेछ ।

३. यस आ.व. मा कृषकहरुलाई सहज र गुणस्तरीय सेवा प्रदान गर्नका लागि कृषि र पशु प्रयोगशालाको सुरुवात गरिने छ, जसबाट कृषि र पशु सम्बन्धी समस्या कमी आउने र समयमा रोग निराकरण गर्न सहज हुनेछ ।

४. कृषि र पशुजन्य उत्पादन लागत कम गर्नका लागि प्रविधिमैत्री कृषि र घाँसमा आधारित पशुपालनका लागि उन्नत जातका घाँसको विउ, पशु औषधी र नगर स्तरिय घाँस स्रोत केन्द्र स्थापनामा जोड दिईने छ ।

५. प्रतिफलमा आधारित दुधमा अनुदान कार्यक्रमलाई व्यवस्थित गरि निरन्तरता दिईने छ ।

६. पशु जन्य दुध,मासु र अन्डाको स्वच्छ र स्वस्थ उत्पादन गरि **उपभोक्ताले गोठ देखि ओठ सम्म र बधस्थल देखि भान्सा सम्म** पुर्याउनका लागि विशेष कार्यक्रम ल्याईने छ ।

७. पशु नश्ल सुधारका लागि उन्नत जातको विज प्रयोग हुने कृत्रिम गर्भाधान कार्यलाई सहजिकरण गरिने छ ।

८. कोरोना पिडित भएका व्यवसायिक कृषकहरुलाई पुर्नस्थापन गर्नका लागि उन्नत विउविजन वितरण, कृषिमा यान्त्रीकरण र कृषकको अर्गानिक तरकारी खेती प्रति चासो बढाउनका लागि विशेष कार्यक्रम ल्याईने छ ।

९. कृषि तथा बाख्रा पकेट कार्यक्रमलाई सुद्धिढिकरण र उचित व्यवस्थापन गर्नका लागि आवश्यक व्यवस्था गरिने छ।

१०. परम्परागत रुपमा पालिआएको मत्स्यपालन, मौरीपालन व्यवसायलाई आधुनिकिकरण तर्फ अग्रसर गराउन कार्यक्रमहरु तय गरिने छ।

११. भुस्याहा कुकुरको संख्या क्रमशः बढ्दै गएको अवस्थामा त्यसबाट मानव समुदायमा रोगको त्रास बढ्दै गएकाले **"छाडा भुस्याहा कुकुर नियन्त्रण अभियान"** संचालनमा ल्याइनेछ।

१२. सहकारीलाई बचत तथा ऋण कारोबार गर्ने निकायका रूपमा मात्र सीमित नगरि समृद्ध कावासोती निर्माणका लागि सहकारी क्षेत्रलाई विकासको सहयात्रीको रूपमाअघि बढाइनेछ। एक घर एक सदस्य, एक गाउँ एक सहकारी र एक सहकारी एक उत्पादनको मान्यतालाई आत्मसाथ गरी उत्पादक सहकारीलाई प्रवर्द्धन गर्ने नीति लिइने छ।

१३. सहकारीमा सुशासन प्रवर्धन गर्न कोपोमास प्रणाली लागु गरिने छ। स्थानीय सम्भाव्यतामा आधारित उत्पादन एवम् उपभोग सहकारी स्थापना गर्दै न्यून आय भएका जनताको समेत निक्षेपको सदुपयोगमा ध्यान दिइने छ। एउटै उद्देश्यबाट सञ्चालित एकै प्रकारका सहकारीहरू एक आपसमा गाभिन प्रोत्साहित गरिने छ।

१४. जैविक विविधता, पर्यापर्यटन, जल पर्यटन, होम स्टे सञ्चालनमा सहयोग र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी नागरिकलाई स्वरोजगार बनाइने छ। दिगो पर्यापर्यटन प्रवर्धनका लागि प्याराग्लाईडिङको संचालनको लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ। प्याराग्लाईडिङका लागि आवश्यक पुर्वाधार निर्माण गरिने छ।

## पूर्वाधार विकास

१५. विकास योजना सञ्चालन तथा कार्यान्वयनको सन्दर्भमा प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ । समपुरक कोषको व्यवस्था गरी संघ तथा प्रदेश सरकारसँग ठूला पूर्वाधारको योजनामा सहकार्य गरिनेछ । विकास योजनाहरुको अपनत्व र दिगोपनालाई ध्यान दिंदै उपभोक्ताहरुको लागत सहभागितामा संचालन हुने योजनाहरुलाई प्राथमिकता दिईने छ ।

१६. नगर गौरवका आयोजनाहरु सम्पन्न गर्न र निरन्तरताका लागि श्रोत व्यवस्थापनमा प्राथमिकता दिईने छ ।

१७. सहकारिता, सहअस्तित्व र समन्वयको संवैधानिक मूल मर्ममा आधारित रहि तीन तहका सरकारहरूद्वारा विकास कार्यक्रमहरू सञ्चालन भइराखेका छन् । यसै सन्दर्भमा नगरपालिकाबाट कार्यान्वयन हुने तथा अन्य सरकारहरूसँगको सहकार्यमा सञ्चालन हुने गरी योजना बैंक निर्माण गरिने छ । दिगो विकासको सिद्धान्तमा आधारित भई आवधिक योजनाको साथै क्षेत्रगत योजनाहरू तयार गरिने छ ।

१८. नगरपालिकाबाट सञ्चालन हुने मूलतः सडक पूर्वाधार विकासका योजनाहरूमा ८०-२० लागत साझेदारीमा निरन्तरता दिइने छ । अति विपन्न समुदायमा सञ्चालित योजनामा नगद लागत सहभागिता नलिई जिन्सी तथा श्रम सहभागिताका आधारमा योजना कार्यान्वयनमा प्रोत्साहन गरिने छ ।

१९. कावासोती नगरपालिकालाई व्यवस्थित र सुविधा युक्त सहर बनाउन चौडा सडक, व्यवस्थित पार्किङ, साइकल लेन, अपाङ्ग मैत्री पूर्वाधार जस्ता पक्षहरूमाप्राथमिकताका साथ अघि बढाइने छ । व्यवस्थित सडक, गल्लीको नाम मेट्रिक्स एडेर्सिङ सिस्टम र जि.आई.एस्. (GIS) बाट नक्साङ्कन गरिने छ ।

२०. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को जिल्ला सदरमुकाम देशकै नमुना बनाउने उद्देश्यका साथ यस नगरपालिकाको वडा नं. ०३ मा जग्गा प्राप्ति कार्य सम्पन्न भई विस्तृत कार्यक्रम प्रतिवेदन (डि.पि.आर.) तयार भई स्वीकृतको क्रममा रहेको छ । उक्त स्थानमा एकीकृत सेवा प्रवाह केन्द्र निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिने छ ।

**२१.** नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक, सरकारी प्रति जग्गाको लगत लिई खुला क्षेत्रको संरक्षण गर्ने कार्यका लागि उक्त जग्गाहरूको लगत तयार गरिने छ । **भुमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गरी जग्गा धनी पुर्जा वितरणको कार्य सम्पन्न गरिने छ ।**

२२. नगरपालिकालाई पूर्ण विद्युतीकरण नगरपालिका घोषणा गर्न विद्युतिकरण हुन बाँकी सबै घरधुरीमा राष्ट्रिय प्रसारण लाइनको पहुँच पुऱ्याउन नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरिने छ । विद्युतीकरण प्रणालीलाई सुरक्षित बनाउन काठको पोल क्रमशः विस्थापन गर्ने नीति लिइने छ ।

२३. नारायणी नदी, केरुङ्गे खोला तथा नगरपालिका क्षेत्रभित्रका अन्य खोलाहरूमा व्यवस्थित तटबन्धन गरी नदी नियन्त्रण र वस्ति संरक्षणका लागि हालको प्रविधिका साथै नयाँ प्रविधि रिपर्याप अवलम्बन गरी तटबन्धनको कार्य गरिने छ ।

२४. बेरोजगारी समस्याको समाधान र विकास निर्माणलाई एकिकृत रुपमा अगाडी लैजान संघ सरकारसंगको सहकार्यमा **शहरी शासन तथा पुर्वाधार विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना**लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । जसबाट हजारौं नागरिकहरुले रोजगार पाउनेछन् भने  पुर्वाधार निर्माणको गतिले समेत तिव्रता पाउने छ ।

२५. नेपाल सरकार र प्रदेश सरकारको समपूरक र विशेष अनुदानबाट आगामी वर्ष विभिन्न सडक, विद्युत लगायतका क्षेत्रमा विकास आयोजनाहरू सञ्चालन गरिने छ।

२६. नगर भित्रको बढ्दो जनसंख्या तथा आवश्यकतालाई ध्यानमा राखी खानेपानीको प्रभावकारी व्यवस्थापनका लागि संघ, प्रदेश तथा नगर विकास कोषसँग समन्वय गरी अघि बढिने छ।

२७. विकास निर्माणको काममा अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाईने छ। शहरको सुन्दरता विग्रन नदिन विद्युत पोल तथा तारको उचित व्यवस्थापनमा जोड दिईने छ। खानेपानी उपभोक्ता संस्थाहरुसंगको सहकार्यमा सडक क्षेत्रका खानेपानीको पाईप व्यवस्थापनको काम शुरु गरिने छ।

२८. नगर क्षेत्र भित्रका सम्पूर्ण बाटोहरुलाइ यथासम्भव रुपमा न्यूनतम ६ मिटर (सो बाहिर नाला)चौडा सडकको सहित विकास गरिनेछ। र सम्भव नभएका सडकहरुमा मोजाइक टाइल, ढलान इत्यादि प्रयोग गरिने छ।

## सामाजिक विकास

२९. गत वर्ष देखि सुरुवात गरिएको मुसहर समुदायका विद्यार्थीका लागि निःशुल्क उच्च शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ । अति विपन्न अवस्थाका विद्यार्थीहरूलाई आर्थिक अभावकै कारण शिक्षाबाट वञ्चित हुने अवस्था सृजना हुन दिइने छैन ।

३०. नगर भित्रका सबै विद्यालयहरूको कार्य सम्पादनको सघन रूपमा मूल्याङ्कन गरि नगरको समग्र शिक्षाको विकासको लागि नगर शिक्षा विकास रणनीति तयार गरिने छ ।

३१. सरकारी बिद्यालयहरुमा अङ्ग्रेजी माध्यमको पुस्तक पुर्ण रुपमा निशुल्क गरिने छ । यस कार्यक्रम मार्फत विद्यार्थीहरुमा निशुल्क पाठ्यपुस्तकको वास्तविक प्रत्याभुती हुने विस्वास लिएको छु ।

३२. दक्ष र सीपयुक्त जनशक्तिको विकासमा महत्वपुर्ण योगदान पुर्याउने प्राविधिक शिक्षालयहरुलाई प्रोत्साहित गरिने छ ।

३३. बाल मैत्री नगरपालिका निर्माणको दिशामा कावासोती नगरपालिका सुरुवाती दिन देखिनै लागिरहेको र हाल सम्म तथ्याङ्क संकलन प्रशोधनको कार्य सम्पन्न भएको छ । बाल मैत्री नगरपालिका निर्माणका सूचकमा केन्द्रित रहि यस वर्ष योजना तथा कार्यक्रम कार्यान्वयन गरिने छ । बाल मैत्री सिकाई, बाल मैत्री व्यवहार, बाल मैत्री समाज निर्माण गर्दै बालमैत्री स्थानीय शासनलाई मूर्तरूप दिने दिशामा नगरपालिकाका गतिविधिहरूलाईकेन्द्रित गरिने छ ।

३४. नगरपालिकाका कोभिड १९ को कारण मृत्युवरण भएका व्यक्तिहरुको परिवारलाई सान्त्वना र राहतको प्रत्याभुति दिइने छ ।

३५. स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरुको नेपाल सरकारले तोकेको न्युनतम सेवा मापदण्ड बमोजिम स्तरोन्नतिका कार्यहरु संचालनमा ल्याईने छ । स्वास्थ्य संस्थाहरुमा औषधि

उपकरण लगायतका सामाग्री अभाव हुन दिईने छैन । बर्थिंग सेन्टरहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ साथै प्रसुती सेवाको गुणस्तरमा अभिवृद्धि गरिनेछ ।पुर्णखोप दिगोपनाका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

३६. **"स्वस्थ नागरिक सम्बृद्ध कावासोती"** कार्यक्रम अन्तरगत मुख्य ४ वटा नसर्ने रोगहरु (क्यान्सर,उच्चरक्तचाप तथा मुटुरोग ,दिर्घ स्वाशप्रश्वास सम्बन्धि रोग र मधुमेह) को रोकथाम, स्क्रिनिंग जांच र उपचारको लागि आवश्यक उपकरण, औषधिको व्यवस्था गरि नेपाल सरकारको प्रोटोकल अनुसार सेवा बिस्तार गरिने छ ।

३७. आमा स्वास्थ्य कार्यक्रम तथा महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३८. जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम लाई "स्वस्थ नागरिक सम्बृद्ध कावासोती" कार्यक्रमसंग जोडेर **जेष्ठ नागरिकलाई घरैमा स्वास्थ्य परिक्षण गर्ने** र आवश्यक मनोसामाजिक परामर्शको व्यवस्था गरिने छ ।

३९. जेष्ठ नागरिकहरुको सम्मानमा **"एक वडा एक जेष्ठनागरिक दिवा सेवा केन्द्र"** स्थापना तथा सम्वर्धन कार्यक्रमको शुरुवाट गरिने छ ।

४०. समुदायमा कोभिड-१९ लगायतका सरुवारोगहरुको प्रकोपलाई रोकथाम तथा नियन्त्रण गर्न आबश्यक ब्यबस्था मिलाइने छ । सम्भावित कोभिड १९ को तेस्रो लहरबाट बच्न पुर्व तयारी गरिने छ ।

४१. नगर स्तरीय प्रशुती गृहको स्थापना गरिने छ । साथै स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुको समय सापेक्ष क्षमता अभिवृद्धि गरिने छ ।

४२. लामो समयदेखि सामाजिक अभियन्ताको रुपमाखेलेको भुमिकाको उच्च मूल्याङ्कन गर्दै सेवा निवृत्त हुने महिला स्वास्थ्य स्वेमसेविकाहरुलाई थप प्रोत्साहन गरिने छ।

४३. समुदायमा सुरक्षित सुत्केरी सम्बन्धि चेतना अभिवृद्धि गर्न तथाशंस्थागत डेलिभरी संख्या वृद्धि गरि आमा र बच्चाको स्वास्थ्य सुधार गर्न **"Zero Home delivery"** कार्यक्रम संचालन गरिने छ ।यस कार्यक्रममार्फत नगरपालिकालाई **घरमा सुन्य सुत्केरी (Zero Home delivery) नगरपालिका घोषणा** गरिने छ।

४४. थारु जातिमा बंशाणुगत रुपमा देखा परेको सिकलसेल एनिमिया रोगको विरुद्ध जनचेतना कार्यक्रम सञ्चालनमा ल्याइने छ।

४५. युवाहरू देशका खम्बा हुन् । युवाहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरी रोजगारीमा संलग्न हुने व्यवस्था मिलाइने छ । युवाहरूमा बढ्दो दुर्व्यसनी रोक्न सचेतन मूलक कार्यक्रम तथा सकारात्मक सोच विकास सम्बन्धी कार्यक्रम **"म अघि बढ्छु"**सञ्चालनमा ल्याइने छ । यस कार्यमा सुरक्षा निकाय तथा अन्य संघ/संस्थाको समन्वयमा सबै वडामा अभियानका रूपमा सञ्चालन गरिने छ । युवा सञ्जाल, बाल सञ्जाल जस्ता संगठनहरुलाई सकृय बनाईने छ । यि संगठनहरुलाई सामाजिक विकासको क्षेत्रमा सहभागि बनाई सहकार्य गरिने छ।

४६. कावासोती नगरपालिका बहुजातीय, बहुभाषिक, बहुधार्मीक, बहुसांस्कृतिक विशेषता युक्त रहेको छ । विविधतामा एकता यस नगरपालिकाको मात्र नभई समग्र नेपालकै विशेषता हो । कला, साहित्य, धर्म र संस्कृतिको संरक्षण, विकास र प्रवर्धनमा विशेष ध्यान दिईविभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ।

४७. खेलकुदको माध्यमबाट स्वस्थ जनशक्तिको उत्पादन हुनुका साथै सामाजिक एकता र राष्ट्रिय भावना समेत बलियो हुने हुन्छ। खेलकुदका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ। नवलपुर जिल्ला स्तरीय वृहत् खेलकुद कार्यक्रमको सुरुवातका लागि अन्य स्थानीय

तहहरूसँग समन्वय गरिनेछ। साथै **"एक वडा एक खेल मैदान"** को अवधारणलाई अबलम्वन गरिनेछ।

४८. कला, साहित्यको संरक्षण र प्रवर्धनका लागि कार्यक्रमहरू तय गरी निरन्तरता दिइनेछ। नगरपालिका भित्र रहेका विभिन्न जात जातिको संस्कृति झल्कने संग्रहालयहरुको स्तरोन्नती गरिनेछ।

४९. आवश्यकता र उपयुक्तताको आधारमा विद्यालयहरूलाई गाभ्ने कार्य अगाडी बढाइनेछ। एक आपसमा गाभिएका विद्यालयहरूका लागि प्रोत्साहनको कार्यक्रम ल्याइनेछ।

५०. बालबालिका केन्द्रित अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न बालबालिकामा अन्तर निहित प्रतिभा प्रस्फुटन गर्न नगर कोपिलाको नियमित प्रकाशन गरिनेछ । साथै बालबालिकाहरूको प्रतिभालाई कदर गर्न मेयर उत्कृष्ट छात्रवृत्ति पुरस्कारलाई निरन्तरता दिइने छ।

५१. महिलाहरुको घरायसी कार्यबोझ कम गर्न उनीहरुलाई सीपमुलक कार्यक्रम संचालन गरी व्यवसायिक बनाई महिला सशक्तिकरणमा टेवा पुऱ्याइने छ।

५२. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता अभियानलाई निरन्तरता दिइने छ। लैङ्गिक तथा यौन **हिंसामा परेका महिलाहरुको उद्धार संरक्षणको लागि अल्पकालीन आश्रय स्थल** संचालन गरिने छ। सो संचालनका लागि आवश्यक पर्ने जग्गा र भवन निर्माणको लागि विभिन्न निकाय सँग समन्वय गरिने छ। हिंसा पीडितका लागि न्यायिक उपचार पुर्नस्थापना र पारिवारिक पुनर्मिलनको व्यवस्था मिलाइने छ। छुवाछूत विभेद सामाजिक कुरीति र अन्धविश्वास विरुद्ध सचेतना मूलक कार्यक्रमहरु संचालनमा ल्याइने छ।

५३. अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरणलाई निरन्तरता दिइने छ साथै अपाङ्गता भएका व्यक्तिहरुलाई सिप विकास तालिम संचालन गरी व्यवसायिक रुपमा आत्मनिर्भर गराईने छ। ज्येष्ठ नागरिकमैत्री संरचना निर्माण तथा व्यवस्थापन गरिने छ।

५४. टोल विकास संस्था संचालन निर्देशिकालाई परिमार्जन गरि टोल विकास संस्थाहरुलाई कृयाशिल बनाईने छ। स्थानीय विकास, सामाजिक सम्पत्तिहरुको संरक्षण र सम्वर्धनमा टोल विकास संस्थाहरुको भुमिकालाई प्रभावकारी बनाईने छ। स्वच्छ र सभ्य टोल स्थापनामा टोल विकास संस्थाहरुको कृयाशिलता र भुमिकालाई मूल्याङ्कन गरी आगामी वर्ष देखि प्रत्यक वडाका उत्कृष्ट टोल विकास संस्थालाई पुरस्कृत गरिने छ।

५५. नगरको विकासमा गैह्सरकारी संस्थाहरुसंगको समन्वय र सहकार्यमा जोड दिईने छ। गैह्सरकारी संस्थाहरुका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन अनुगमनलाई प्रभावकारी बनाईने छ।

५६. नगर क्षेत्र भित्रका खानेपानी तथा ढल व्यवस्थापनलाई प्रभावकारी बनाइने छ। साथै पूर्वपश्चिम लोक मार्गसँग जोडीएका शहरी क्षेत्रका रोडहरुलाई स्तरोन्नती गरिने छ।

५७. सुरक्षित तथा लाभदायिक बैदेशिक रोजगार सम्बन्धी कार्यबिधि २०७८ निर्माण गरी सुरक्षित आप्रवासन कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ।

५८. नगर क्षेत्र भित्र रहेका पर्यटकिय आर्कषणका क्षेत्रहरु होमस्टे लगायत अन्य पर्यटन व्यवसायीहरुको बृहत रुपमा प्रचार प्रसार गरि दिगो पर्यापर्यटन गतिविधि सञ्चालन गरिने छ।

५९. नगर क्षेत्र भित्र उज्यालो कावासोती कार्यक्रम सञ्चालन गरिने छ। हाल विद्युतको पोलहरुमा नेट/इन्टरनेट तारहरु अव्यवस्थित भएकोले व्यवस्थापन गर्ने निति लिइने छ।

६०. कावासोती नगरपालिका क्षेत्रमा दिगो पर्यापर्यटन विस्तार गर्नका लागि पर्यटन सम्बन्धि कार्यविधि बनाइ लागु गरिने छ।

६१. बालबिवाहको बारेमा जनचेतना फैलाइ शुन्य बालविवाह नगरपालिका बनाइने छ।

६२. यस आ.व. मा अटो रिक्सालाई दर्ता गरि व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यविधि लागु गरिनेछ।

६३. कोभिड १९ रोकथाम लगायत स्वास्थ्य सेवामा सहज पहुचका लागि एम्बुलेन्स खरिद गरि व्यवस्थापन गरिने छ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

६४. विपद् बाट हुनसक्ने क्षति न्यूनीकरण गर्न तथा पुनर्स्थापना र राहतसम्बन्धी कार्यलाई थप व्यवस्थित बनाउन स्थानीय विपद् प्रतिकार्य योजनालाई अध्यावधिक गरिने छ। वडा स्तरमा विपद् व्यवस्थापनका आधारभूत उपकरण तथा औजारहरू व्यवस्थापन गर्दै लगिने छ।

६५. पर्यावरण संरक्षण तथा वातावरणीय स्वच्छताका लागि सामुदायिक वनहरूसँग सहकार्य गरिने छ। सरकारी प्रति जग्गाहरूमा वृक्षारोपण, भू-संरक्षण, उद्यान व्यवस्थापन, जडीबुटी खेती, सिमसार तथा घाँसे मैदान संरक्षण र व्यवस्थापन जस्ता कार्यहरूमा सामुदायिक वनहरूसँग सहकार्य गरिने छ। निजी तथा सरकारी जग्गाहरूमा स्थानीय प्रजातिका ५,००० बिरुवा वृक्षारोपण गर्ने कार्यक्रम तय गरिएको छ।

६६. कावासोती वडा नं. १६ मा स्थापना गरिएको फोहोर मैला व्यवस्थापन केन्द्रको स्तरोन्नती गरिनुका साथै उक्त स्थानसम्म पुग्नका लागि पहुँच मार्गको स्तरोन्नती गरिने छ। फोहोर

मैला व्यवस्थापनका लागि प्रत्येक घरधुरी वाट नै फोहोर मैला वर्गीकरण गरि फोहोर उठाइने छ।

६७. विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ रोकथाम तथा नियन्त्रण गर्नका अवस्था हेरि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन

६८. सेवा प्रवाहका लागि आवश्यक पर्ने न्यूनतम जनशक्ति अभाव हुन नदिई नागरिक मैत्री सेवा प्रवाहमा जोड दिइने छ। सेवा प्रवाहमा विधुतीयप्रविधिको अधिकतम प्रयोग गरिने छ । सेवा प्रवाहको गुणस्तर र मापदण्ड समेतको कार्य प्रक्रिया सरलीकरण निर्देशिका तयार गरि कार्य सम्पादनमा जोड दिइने छ । उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी मूल्याङ्कन गरी बार्षिक रूपमा पुरस्कृत गरिने छ। नगरपालिकाबाट नगरवासीले पाउने सेवा सरल, व्यवस्थित र प्रतिफल मूलक बनाउन कर्मचारी तथा जन प्रतिनिधिहरूको क्षमता विकासमा पर्याप्त जोड दिइने छ।

६९. योजना कार्यान्वयन कार्यलाई थप व्यवस्थित र छरितो बनाइने छ। योजना कार्यान्वयन कार्य योजना तयार गरी योजना सम्झौता, कार्यान्वयन, अनुगमन र फरफारक कार्य समयतालिका अनुसार व्यवस्थित गरिने छ। योजना कार्यान्वयनका क्रममा योजनाहरू टुक्राउने तथा रकमान्तर गर्ने प्रवृतिलाई निरुत्साहित गरिने छ।

७०. करको दर होईन दायरा विस्तारमा थप जोड दिइने छ । राजस्व संकलन तथा व्यवस्थापनमा विधुतीयप्रविधिलाई सबै वडामा प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ। करदाता शिक्षा तथा आन्तरिक नियन्त्रण प्रणाली मार्फत करदाता मैत्री प्रशासनमा जोड

दिइने छ । राजस्वको सफ्टवेयरमा अध्यावधिक गरी **विद्युतीय कर भुक्तानी प्रणाली** लागू गरिने छ।

७१. वित्तीय अनुशासन कायम गर्न र भुक्तानी प्रणालीलाई सहज बनाउन भुक्तानी पाउनेको खातामा नै रकम जम्मा हुने गरी **विद्युतीय भुक्तानी प्रणाली (E-Payment System)** लागु गरिने छ।

७२. नागरिक सन्तुष्टि सर्वेक्षणलाई निरन्तरता  गरिने छ । नगरपालिका र वडा कार्यालयमा रहेको नागरिक बडापत्रलाई अद्यावधिक गरी विधुतीय नागरिक वडापत्रको सुरुवात गरिने छ । नगरपालिकाका कार्यहरूलाई सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, तेस्रो पक्ष मूल्याङ्कन, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता पारदर्शिताकाऔजारहरू मार्फत मूल्याङ्कन र सार्वजनिकिकरण गरिने छ।

७३. घर अभिलेखिकरणको समस्यालाई मायदण्ड निर्माण गरी समाधान गरिने छ । भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी सचेतना अभिवृद्धि तथा तालिम कार्यक्रम परामर्शदाता, निर्माण व्यवसायी र दक्ष ज्यामीलाई दिने कार्यक्रम भूकम्प प्रविधि समाज नेपालसँग समन्वयमा तय गरिने छ।

७४. नगरपालिकाका गतिविधि तथा अन्य विषयहरुमा आम नागरिकहरू सुशुचित हुने व्यवस्था मिलाउन स्थानीय सञ्चारमाध्यमहरुसँगको सहकार्यलाई निरन्तरता दिइने छ । समाजको सकारात्मक परिवर्तनको लागि सञ्चार कार्यक्रमहरूको उत्पादन तथा प्रसारण गर्न सञ्चार गृहलाई प्रोत्साहित गरिने छ।

७५. नगरपालिकाबाट भए गरेका विभिन्न गतिविधिहरू, इतिहास, संस्कृति, विकास र संवृद्धि आदि समेटेर त्रैमासिकरूपमा **"कावासोती संदेश"** बुलेटिन प्रकाशनको सुरुवात गरिने छ।

७६. स्थानीय राजपत्रलाई नागरिकको सरल पहुँच हुने गरी व्यवस्थित गरिने छ । नगरपालिकामा सूचना तथा अभिलेख व्यवस्थापन गर्न नगर सूचना अभिलेख केन्द्र स्थापना गरिने छ।

७७. वडा कार्यालयहरूलाई सेवाग्राहीमैत्री बनाउन पुर्वाधार विकासमा जोड दिइने छ । सेवाग्राही प्रतीक्षालय, फ्रि-वाईफाई सुविधा, चमेनागृह, स्वस्थ खानेपानी लगायतका सेवाहरू थप व्यवस्थित गर्दै लगिने छ।

७८. न्यायिक समितिको कार्य सम्पादनलाई थप चुस्त दुरुस्त बनाउन न्यायिक इजलास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गरिने छ । न्यायिक समितिमा प्राप्त उजुरी तथा समितिबाट भएका निर्णयहरूलाई विधुतीय प्रणालीमा अद्यावधिक गरिने छ।

७९. नगर प्रहरीहरूकोप्राविधिक कौशल अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरी स्रोत साधन युक्त बनाइने छ । सहरी व्यवस्थापन, घर नक्सा नियमन, न्यायिक फैसला कार्यान्वयन, प्राकृतिक श्रोतको संरक्षण लगायतका कार्यमा नगर प्रहरी परिचालन गरी नियमन कार्यलाई थप व्यवस्थित गरिने छ।

८०. नगरपालिकामा कार्यरत कर्मचारीहरूका लागि उत्प्रेरणा तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालनमा ल्याइने छ । कर्मचारीहरुलाई उत्कृस्ट नगरपालिकाहरुसंग असल अभ्यास आदान प्रदानको कार्यक्रम सञ्चालन गरिने छ।

८१. स्रोत पहिचान तथा राजस्व परिचालनका लागि राजस्व अभिवृद्धि कार्य योजना तयार गरी क्रमशः कार्यान्वयनमा लगिनेछ।

८२. शासन प्रणालीमा सञ्चार क्षेत्रको महत्वपुर्ण भुमिकालाई आत्मसात गर्दै नगरपालिका भित्र कृयाशिल पत्रकारहरुको परिवारलाई नेपाल पत्रकार महासंघको सिफारिसमा निशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिने छ।

८३. विकासका आयामहरुमा निजी क्षेत्रहरुको भूमिकालाई प्रभावकारी बनाउंदै समन्वय र सहकार्यलाई जोड दिईने छ ।

८४. नगरपालिकाको प्रशासनिक कामलाई जनमुखी र प्रभावकारी रुपमा संचालन गर्न आन्तरिक नियन्त्रण प्रणाली र लेखा नीति जस्ता सुशासनका औजारहरु निर्माण गरी लागु गरिने छ ।

**सभाका सदस्यज्यूहरू**

८५. नगरवासीको विकासको आकंक्षा र अपेक्षा, नगरपालिकाको आर्थिक सक्षमता तथा सर्वपक्षिय आवश्यकता समेतका आधारमा यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

८६. प्रस्तावित नीति तथा कार्यक्रमलाई सबैले आत्मसाथ गरी प्रतिबद्धताका साथ कार्यान्वयन गरेमा अवश्य पनि कावासोती नगरपालिकाको विकासले सकारात्मक फड्को मार्नेछ भन्ने विश्वास लिएको छु ।

८७. यो नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा नगरपालिकालाई सबै पक्षबाट सकारात्मक साथ र सहयोगको अपेक्षा राखेको छु ।

८८. अन्त्यमा, आर्थिक वर्ष २०७८/८९ को नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने जनप्रतिनिधी, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, संचारकर्मी, नागरिक समाजका व्यक्तित्वहरू संघ संस्था प्रमुखहरू लगायत सम्पूर्ण सरोकारवाला महानुभावहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यवाद !**